# व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७

**पहिलो संशोधन मितिः २०७७/१२/१७**

**दोस्रो संशोधन मितिः २०७८/०१/०१**

**तेश्रो संशोधन मितिः२०७८/०६/०४**

<u>**प्रस्तावनाः**</u> विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय जीवन रक्षा कर्जा उपलब्ध गराउन वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस कार्यविधिको नाम "व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

**(क)** "उद्यमी तथा व्यवसायी" भन्नाले आफ्नो उद्यमशीलताको उपयोग गरी पर्यटन, उत्पादन तथा सेवामूलक व्यवसाय गर्ने उद्यमी तथा व्यवसायीहरु सम्झनु पर्छ ।

**(ख)** "आधार दर" भन्नाले नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुको लागि आधार दर कायम गर्न निर्दिष्ट गरिदिएको सूत्र वमोजिम बैंकहरुले निर्धारण गरेको "आधार दर" सम्झनु पर्छ ।

**(ग)** "नेपाल राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंकको गण्डकी प्रदेशस्थित पोखरा कार्यालयलाई सम्झनु पर्छ ।

**(घ)** "बैंक" भन्नाले गण्डकी प्रदेशका स्थानीय तहहरुमा सरकारी कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "क" वर्गका बैंकहरु सम्झनु पर्छ ।

**(ङ)** "व्यक्तिगत जमानी" भन्नाले व्यक्ति/समूह/फर्म/कम्पनीले सञ्चालन गरेको उद्यम व्यवसायलाई प्रवाह गरेको कर्जा भुक्तानीको लागि प्रदान गरेको व्यक्तिगत जमानी सम्झनु पर्छ ।

**(च)** "व्यवसाय जीवन रक्षा कर्जा" भन्नाले यस कार्यविधि वमोजिम व्यवसाय जीवन रक्षा कोषबाट व्याज शोधभर्ना पाउने गरी बैंकमार्फत् प्रवाह गरिने कर्जा सम्झनु पर्छ ।

**(छ)** "व्यवसाय जीवन रक्षा कोष" भन्नाले दफा ३ बमोजिम स्थापना गरिएको व्यवसाय जीवन रक्षा कोष सम्झनु पर्छ।

**(ज)** "शोधभर्ना खाता" भन्नाले दफा १२ बमोजिमको शोधभर्ना खाता सम्झनु पर्छ ।

**(झ)** "समिति" भन्नाले दफा १५ वमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

**(ञ)** "सामूहिक जमानी" भन्नाले समूहको उत्तरदायित्वमा प्रवाह गरेको कर्जा भुक्तानीको लागि समूहका सबै सदस्यले दिने संयुक्त जमानी सम्झनु पर्छ।

## परिच्छेद २

## <u>व्यवसाय जीवन रक्षा कोष</u>

३. **<u>व्यवसाय जीवन रक्षा कोषः</u>** (१) कोभिड–१९ बाट प्रभावित कृषि उद्यम, उत्पादनमूलक उद्योग तथा पर्यटन लगायतका सेवामूलक व्यवसायलाई जोगाउन, टिकाउन र सुचारु गर्न उद्यमी तथा व्यवसायीलाई निर्व्याजी सरल र सुलभ कर्जा उपलब्ध गराउने प्रयोजनका लागि बैंकहरुले लिने व्याज शोधभर्ना गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले एक अरब रुपैयाँको व्यवसाय जीवन रक्षा कोष स्थापना गरिनेछ *र सो कोषमा हरेक वर्ष निश्चित रकम थप गर्दै लगिनेछ ।

(२) यस कार्यविधि बमोजिम व्यवसाय जीवन रक्षा कोषको सञ्चालन गरिनेछ ।

## परिच्छेद ३

## <u>कर्जाको वर्गीकरण, सीमा, व्याजदर तथा शर्त</u>

४. **<u>प्रभावित क्षेत्रको वर्गीकरणः</u>** कोभिड–१९ का कारण साना उद्यम व्यवसायमा परेको प्रतिकूल प्रभाव, पुनरुत्थान हुन लाग्ने अनुमानित समय तथा त्यस्ता उद्यम व्यवसायले अर्थतन्त्रमा दिने योगदानलाई अनुमान गरी प्रभावित क्षेत्रलाई देहाय वमोजिम वर्गीकरण गरिएको छ ।

(क) लघु घरेलु तथा साना उद्यम व्यवसाय कर्जा

(ख) साना पर्यटन व्यवसाय कर्जा

(ग) साना यातायात व्यवसाय कर्जा

(घ) साना सेवा व्यवसाय कर्जा

५. **कर्जा सीमा र भुक्तानी अवधिः** (१) यस कार्यविधि वमोजिम बैंकहरुले लक्षित व्यक्ति/समूह/फर्म/कम्पनीलाई शुन्य व्याजदरमा प्रदान गर्ने कर्जाको सीमा र भुक्तानी अवधि देहाय वमोजिम हुनेछः

| क्र.सं. | कर्जाको शीर्षक | न्युनतम रकम | अधिकतम रकम | कर्जाको अधिकतम अवधि | कर्जाको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | लघु घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | रु. १ लाख | रु.१५लाखसम्म | ३ वर्ष | विस्तृत विवरण अनुसूची १ मा |
| २ | साना पर्यटन व्यवसाय कर्जा | रु. १ लाख | रु.१५लाखसम्म | ३ वर्ष | विस्तृत विवरण अनुसूची २ मा |
| ३ | साना यातायात व्यवसाय कर्जा | रु. ५० हजार | रु. १० लाखसम्म | ३ वर्ष | विस्तृत विवरण अनुसूची ३ मा |
| ४ | साना सेवा व्यवसाय कर्जा | रु. ५० हजार | रु. १० लाखसम्म | ३ वर्ष | विस्तृत विवरण अनुसूची ४ मा |

तर, वार्षिक रु. ५० लाख भन्दा बढी कारोबार/ बिक्री गर्ने उद्यमी तथा व्यवसायीलाई यस कार्यबिधि अन्तर्गतको कर्जा कार्यक्रममा सहभागी गराईने छैन ।

*स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि कारोवार रकम भन्नाले मनीचेन्जर तथा ट्राभल एजेन्सीको हकमा आर्जन गरेको खुद नाफा रकम सम्झनु पर्दछ।

(२) व्यवसाय जीवन रक्षा कर्जा आवधिक प्रकृतिको मात्र हुनेछ ।

६. **व्याजदर एवम् शर्तः** (१) यस कार्यविधि बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल राष्ट्र बैंकमा खोलेको शोधभर्ना खाताबाट बैंकहरुलाई सम्बन्धित बैंकको आधार दरमा ३ प्रतिशत व्याज थप गरी सो वापतको रकम शोधभर्नाको रुपमा नेपाल राष्ट्र बैंकले उपलब्ध गराउने छ । बैंकहरुले अनूसुची ५ बमोजिमको ढाँचामा नेपाल राष्ट्र बैंकसँग शोधभर्ना माग गर्नुपर्नेछ ।

स्पष्टिकरणः यस कार्यविधिको प्रयोजनको लागि आधार दर लिंदा कर्जा प्रवाह भएको भन्दा अघिल्लो त्रयमासको आधार दरलाई लिनुपर्नेछ ।(जस्तैः दोस्रो त्रयमासमा



* पहिलो संशोधनद्वारा थप

प्रवाहित कर्जाको निम्ति पहिलो त्रयमासको अन्तिम अर्थात् असोज मसान्तको आधार दरलाई लिनुपर्नेछ।

✂(२) ऋणीहरुले अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्नेछ र यस वापतको शुल्क बैकहरुले सम्बन्धित ऋणीहरुबाट असुल गर्न सक्नेछन्।

(३) बैकहरुले ऋणीहरुबाट कुनै पनि किसिमको व्याज असूल गर्न पाउनेछैनन् ।

(४) यस कार्यविधि वमोजिम प्रवाह हुने कर्जामा बैंकहरुले उपदफा (२) वमोजिमको कर्जा सूचना शुल्क र दफा ७ को उपदफा (१) को खण्ड (ग) र (घ) मा उल्लिखित धितोको वीमाशुल्क बाहेक ऋणीबाट सेवा शुल्क, मालपोत दस्तुर र कर्जा सुरक्षण दस्तुर लगायतका अन्य कुनै पनि शुल्कहरु लिन पाउने छैनन्।

✂(५) कुनै ऋणीले कर्जा दुरुपयोग गरेमा वा बैकहरुले नेपाल राष्ट्र बैकमा व्याज शोधभर्ना पठाउने मितिसम्म ऋणीको किस्ता रकम नियमित नभएमा उक्त ऋणीलाई व्याज अनुदान उपलब्ध गराइने छैन।

## परिच्छेद ४

## धितो/ सुरक्षण सम्बन्धी व्यवस्था

७. **धितो सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि वमोजिम बैंकहरूले कर्जा प्रवाह गर्दा देहाय वमोजिमको प्राथमिकताको आधारमा धितो स्वीकार गरी लगानी गर्न सक्नेछन् ।

(क) सामूहिक जमानी वा

(ख) व्यक्तिगत जमानी वा

(ग) व्यवसायमा रहेको जिन्सी स्टक (मौज्दात)तथा उपकरण र ईक्यूपमेण्टहरु वा

(घ) सवारी साधन तथा अन्य यातायातका साधनहरु वा

(ङ) घर, जग्गा जमीन, सुन चाँदी, शेयर

(२) उपदफा (१) वमोजिम प्राथमिकताको आधारमा बैंकहरुले आवश्यकता अनुसार एकभन्दा बढी धितोहरुलाई समेत स्वीकार गर्न सक्नेछन् ।

(३) घर, जग्गा जमीनलाई धितोको रुपमा स्वीकार गरी कर्जा प्रवाह गर्दा बैंकहरुले मालपोत कार्यालयमा ठाडो रोक्का राख्नु पर्नेछ र यस कार्यका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले मालपोत कार्यालयसँग आवश्यक सहजीकरण गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको धितोको मूल्याङ्कन सम्बन्धित बैंकको शाखा प्रबन्धकले गर्न सक्नेछन् ।



✂ पहिलो संशोधनद्वारा संशोधित

(५) सुन, चाँदी तथा शेयर धितोको मूल्याङ्कन र रोक्का प्रक्रिया सम्बन्धित बैंकको आफ्नो नियमानुसार हुनेछ ।

८. **<u>धितोको वीमाः</u>** दफा ७ को उपदफा (१) को खण्ड (ग) र (घ) वमोजिमको धितोमा बैंकहरुले आवश्यकता अनुसार धितोको वीमा गराउन सक्नेछन् ।

९. ☼**<u>सुरक्षण अनिवार्यताः</u>** यस कार्यविधि वमोजिम प्रवाह गरिने कर्जालाई निक्षेप तथा कर्जा सुरक्षण कोषबाट बैकले कर्जा सुरक्षण गराउन सक्नेछन् । कर्जा सूरक्षण शुल्क वापतको रकम व्यवसाय जीवन रक्षा कोषबाट व्यहोरिनेछ । यस वापतको रकम नेपाल राष्ट्र बैंकले शोधभर्ना खाता मार्फत बैंकहरुलाई उपलब्ध गराउनेछ ।

## परिच्छेद ५

## <u>कर्जाको योग्यता एवम् शर्त सम्बन्धी व्यवस्था</u>

१०. **<u>आवश्यक योग्यता एवम् शर्तहरुः</u>**(१) यस कार्यविधि वमोजिम व्यवसाय जीवन रक्षा कर्जा प्राप्त गर्न उद्योगी व्यवसायीले देहाय वमोजिमको न्यूनतम योग्यता एवम् शर्तहरु पूरा गरेको हुनुपर्नेछः

(क) गण्डकी प्रदेश भित्र उद्यम, व्यवसाय संचालन गरेको नेपाली नागरिक,

(ख) बैंकिङ्ग कसूर अन्तर्गत कारबाहीमा नपरेको,

(ग) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको,

(घ) स्थायी लेखा नम्बर (PAN) लिएको,

(ङ) कर्जाको आवेदन दिने मितिसम्म उद्यम, व्यवसाय स्थापना भएको कम्तीमा १ वर्ष पूरा भएको,

(च) नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकाय वा स्थानीय तहमा दर्ता भएको,

(२) यस कार्यविधि बमोजिम बैंकहरुले ऋणी छनौट गर्दा अनुसूची ११ बमोजिमको भार अङ्कको आधारमा उद्यम, व्यवसायलाई प्राथमिकता क्रममा राख्नु पर्नेछ ।

(३) व्यवसाय जीवन रक्षा कर्जा कोभिड–१९ बाट प्रभावित व्यक्ति / समूह/ फर्म/ कम्पनीलाई एकपटकको लागि मात्र प्रवाह गरिनेछ ।

(४) यस कार्यविधि वमोजिम कोभिड–१९ बाट प्रभावित व्यक्ति/ समूह/ फर्म/ कम्पनीहरुले एउटै शीर्षक वा फरक शीर्षकमा एकभन्दा बढी बैकहरुबाट कर्जा लिन पाउने छैनन् ।

(५) कुनै व्यक्ति/समूह/फर्म/कम्पनीले झुठा विवरण पेश गरी कर्जा उपभोग गरेमा प्रचलित कानून अनुसार कारवाही हुनेछ ।



☼ दोस्रो संशोधनद्वारा संशोधित

११. **कर्जाका लागि आवश्यक कागजात:** यस कार्यविधि वमोजिम कर्जा प्रवाह गर्दा आवश्यक पर्ने कागजातहरु देहाय वमोजिम रहेका छन् ।

(क) सम्बन्धित निकायमा वा स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) गत आर्थिक वर्षको कर तिरेको निस्सा वा PAN को प्रतिलिपि

(घ) प्राप्त कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(ङ) धितोसम्बन्धी अद्यावधिक आवश्यक कागजातहरु,

(च) दर्ता नभई १ वर्ष भन्दा अगाडिदेखि सञ्चालनमा रहेको उद्योगी व्यवसायीले दफा १० को उपदफा (१) को खण्ड (ङ) को पुष्टयाई गर्ने स्थानीय तहको सिफारिस,

(छ) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको र बैंकिङ्ग कसूर अन्तर्गत कारबाहीमा नपरेको स्वघोषणा, र

(ज) वार्षिक कारोबार / बिक्री रकम रु. ५० लाख वा सो भन्दा कम भएको स्वघोषणा।

## परिच्छेद ६

## कर्जाको प्रवाह, शुल्क तथा भुक्तानी प्रक्रिया

१२. **कर्जा प्रवाह प्रक्रिया:** (१) यस कार्यविधि वमोजिम व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले नेपाल राष्ट्र बैंकमा एक "शोधभर्ना खाता" खोली व्यवसाय जीवन रक्षा कोषको २५ प्रतिशत रकम अग्रीम जम्मा गर्नेछ ।

(२) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले सर्वसाधारणको जानकारीको लागि "व्यवसाय जीवन रक्षा कर्जा" प्रवाह गर्न उद्यमी तथा व्यवसायीबाट निवेदन माग गरी ३० दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(३) उपदफा (२) वमोजिम सार्वजनिक सूचना जारी भएपश्चात सो सूचनामा तोकिएको अवधिभित्र कर्जा प्राप्त गर्न योग्य व्यक्ति/समूह/फर्म/कम्पनीहरुले दफा ११ वमोजिमका कागजात सहित अनुसूची १२ बमोजिमका बैंकहरुको गण्डकी प्रदेशस्थित कुनै पनि शाखामा अनुसूची ७ वमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

✂(४) बैंकहरुले नेपाल राष्ट्र बैंकसँग कर्जा सीमाका लागि अनुसूची ६ बमोजिमको ढाँचामा एकमुष्ठ पूर्व सहमति लिनुपर्नेछ र नेपाल राष्ट्र बैंकले बैंकहरुलाई सात कार्य दिनभित्र अनुसूची १३ बमोजिमको ढाँचामा एकमुष्ठ पूर्व सहमति दिनुपर्नेछ ।

✂(५) उपदफा (२) बमोजिम सार्वजनिक सूचना आह्वान गर्दा पर्याप्त आवेदन नपरेमा वा आवश्यक देखिएमा पुनः सूचना प्रकाशन गर्न सकिनेछ।



✂ पहिलो संशोधनद्वारा संशोधित

(६) यस कार्यविधि वमोजिम प्रवाह गरिने कर्जाको व्याजदर दफा ५ बमोजिमको कर्जा भुक्तानी अवधिसम्म मात्र लागू रहनेछ ।

तर, उक्त अवधिसम्म चुक्ता नभएका कर्जाको हकमा व्याजदर बैंकले अन्य कर्जा सरह तोक्न सक्नेछ। यस्तो व्याजदर तोक्दा बैंकले ऋणीहरुबाट व्याजदर बाहेकका अन्य कुनै पनि शुल्क दस्तुरहरु असूल गर्न पाउने छैन ।

(७) बैंकहरुले उपदफा ३ र ५ वमोजिम प्राप्त भएका निवेदन उपर ❁२०७८ साल असोजमसान्तसम्म सम्बन्धित निवेदकलाई कर्जा स्वीकृत भए/नभएको जानकारी दिनुपर्नेछ।

(८) बैंकहरुले कर्जाको व्याज शोधभर्नाको लागि अनुसूची ५ मा तोकिए वमोजिमको ढाँचामा नेपाल राष्ट्र बैंकमा निवेदन दिनुपर्नेछ ।

(९) बैंकहरुबाट शोधभर्नाको लागि माग भए वमोजिमको रकम नेपाल राष्ट्र बैंकले त्रैमासिक (असोज, पुस, चैत्र र असारमसान्त) रुपमा शोधभर्ना उपलव्ध गराउनेछ ।

(१०) दफा ५ मा भएको कर्जाको वर्गीकरण वमोजिम अनुसूची १, २, ३ र ४ मा उल्लेख गरिएका व्यवसाय वा उद्योग बाहेक अन्य शीर्षकसँग सम्बन्धित कर्जाको व्याज शोधभर्ना माग गर्न पाईने छैन ।

१३. <u>**कर्जा भुक्तानी प्रक्रिया:**</u> (१) कर्जाको साँवाको भुक्तानी तालिका बैंकहरुले ऋणीको आय र नगद प्रवाहको आधारमा ऋणीसंग छलफल गरी आफैं तय गर्न सक्नेछन् । यसरी साँवाको भुक्तानी गर्न शुरुको छ महिना ग्रेस अवधि प्रदान गर्न सकिनेछ । ग्रेस अवधिको किस्ताको रकम त्यस पछाडिका चार त्रयमासको अवधिमा समानुपातिक रुपमा भुक्तानी गर्नुपर्नेछ ।

(२) ऋणीको आय र नगद प्रवाहका आधारमा बैंकहरुले ३ बर्ष भन्दा बढी अवधिको कर्जा प्रवाह गर्न सक्नेछन् तर, ३ वर्ष पश्चात् ऋणीहरुलाई यस कार्यविधि वमोजिमको सुविधा उपलव्ध हुने छैन ।

(३) बैंकहरुले समयमै कर्जाको किस्ता भुक्तानी गर्न नसकेका ऋणीहरुबाट सो किस्ता रकमको बढीमा २ प्रतिशत सम्मको पेनल रकम असूल गर्न सक्नेछन् ।

(४) ऋणीले लिएको कर्जा अग्रिम भुक्तानी गर्न सक्नेछन् । यस प्रावधान वमोजिम अग्रिम भुक्तानी गर्ने ऋणीहरुसँग बैंकहरुले कुनैपनि अतिरिक्त शुल्क असूल गर्न पाउने छैनन् ।

❁ तेस्रो संशोधनद्वारा संशोधित

(५) ऋणीले जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उद्देश्यका लागि मात्र कर्जा उपयोग गर्नु पर्नेछ । उद्धेश्य विपरित प्रयोग गरी कर्जा दुरुपयोग भएको पाईएमा बैंकहरुले उक्त कर्जालाई तत्काले खराब कर्जामा परिणत गर्नुपर्नेछ। यसरी खराब वर्गको कर्जामा परिणत भए पश्चात उक्त कर्जालाई सम्बन्धित बैंकले असुलीको प्रकृयामा लैजानु पर्नेछ ।

(६) यस कार्यविधि वमोजिम बैंकहरुले नेपाल राष्ट्र बैंकसँग गर्ने पत्राचार लगायत सम्पूर्ण कारोबार बैंकहरुको आफ्नो प्रदेश कार्यालयमार्फत् गर्नुपर्नेछ ।

## परिच्छेद ७

## सम्बन्धित निकायहरुको काम कर्तव्य र अधिकार

१४. **नेपाल राष्ट्र बैङ्कको काम, कर्तव्य र अधिकारः** यस कार्यविधि कार्यान्वयनमा नेपाल राष्ट्र बैङ्कको काम, कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछः–

(क) यस कार्यविधिको कार्यान्वयनका लागि अनुसूची ९ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग र अनुसूची १० बमोजिम सम्बन्धित बैकहरूसँग सम्झौता गर्ने।

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको पत्र बमोजिम शोधभर्ना खाता खोली सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई दिने ।

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त रकम शोधभर्ना खातामा जम्मा गर्ने ।

(घ) यस कार्यविधि बमोजिम बैंकहरुबाट प्रवाह भएको कर्जाको व्याज र कर्जा सुरक्षण शुल्क वापतको रकम बैंकहरुलाई शोधभर्ना उपलव्ध गराउने,

(ङ) यस कार्यविधि वमोजिम बैंकहरुलाई शोधभर्ना उपलब्ध गराइएको व्याज, कर्जा सुरक्षण शुल्क तथा असूली भएको रकमको त्रैमासिक विवरण निर्देशक समितिलाई उपलब्ध गराउने,

(च) यस कार्यविधिको प्रभावकारी कार्यान्वयन गर्नका लागि सम्बन्धित बैंकहरुको आवश्यकतानुसार अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(छ) नेपाल राष्ट्र बैंकले यस कार्यक्रम कार्यान्वयन गर्न आफ्नो Core Banking System मा आवश्यक व्यवस्था मिलाउने ।

१५. **बैंकहरुको काम, कर्तव्य र अधिकारः** यस कार्यविधि कार्यान्वयनमा बैंकहरुको काम, कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ–

(क) बैंकहरुले नेपाल राष्ट्र बैंक र आफ्ना शाखाहरुसँग समन्वय गरी यस कार्यविधि वमोजिम व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्न प्रदेश कार्यालयमा एउटा एकाई गठन गर्नुपर्नेछ र उक्त इकाईले कर्जा कार्यक्रममा संलग्न शाखा कार्यालयका कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम प्रदान गर्नु पर्नेछ ।

(ख) यस कार्यविधि वमोजिम कर्जाको लागि निवेदन प्राप्त भएपछि बैंकहरुले अनुसूची ११ वमोजिम गरिने मूल्याङ्कनको आधारमा कर्जा प्रवाह गर्नुपर्नेछ ।

(ग) बैंकहरुले व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्दा सो कार्यक्रम अन्तर्गत प्रवाह गरिने कर्जाको कम्तिमा पचास प्रतिशत रकम पाँच लाखभन्दा कम कर्जा माग गर्ने उद्योगी व्यवसायीहरुलाई प्राथमिकता दिई प्रवाह गर्नु पर्नेछ ।

(घ) यस कार्यविधि वमोजिम बैंकहरुले कर्जा कार्यक्रम सम्बन्धी Product Paper तयार गरी लागू गर्नुपर्नेछ र Software (Core Banking System) मा समेत आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

*(ङ) ................

(च) यस कार्यविधि बमोजिमको कर्जा र कर्जा असूलीको विवरण बैंकहरुले त्रैमासिक रुपमा त्रयमास समाप्त भएको पन्ध्र कार्य दिनभित्र अनुसूची ८ वमोजिमको ढाँचामा नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउनु पर्नेछ ।

(छ) ऋणीले कर्जाको सदुपयोग गरे नगरेको सम्बन्धमा बैंकहरुले आवश्यकतानुसार निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(ज) नेपाल राष्ट्र बैंकले माग गरेको बखत बैंकहरुले ऋणीसँग सम्बन्धित कागजातहरु तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

(झ) बैंकहरुले कर्जाको आधार दर, व्याज रकम र कर्जा सुरक्षण शुल्क वापतको रकम त्रैमासिक (असोज, पुस, चैत्र र असारमसान्त) रुपमा नेपाल राष्ट्र बैंक समक्ष शोधभर्ना माग गर्नुपर्नेछ ।

## परिच्छेद ८

## निर्देशक समिति सम्बन्धी व्यवस्था

१६. **निर्देशक समितिको गठनः** (१) यस कार्यविधिको कार्यान्वयनका लागि सहजीकरण, समन्वय, एवम् अनुगमन गर्न देहाय वमोजिम एक निर्देशक समिति रहने छ ।

(क) प्रमुख सचिव, गण्डकी प्रदेश (संयोजक)

(ख) प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष वा

* दोस्रो संशोधनद्वारा खारेज

निजले तोकेको आयोगको सदस्य (सदस्य)

(ग) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (सदस्य)

(घ) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय (सदस्य)

(ङ) निर्देशक, नेपाल राष्ट्र बैङ्क (सदस्य)

(च) नेपाल राष्ट्र बैङ्कले तोकेको बैकको प्रतिनिधि एकजना (सदस्य)

(छ) उप सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (सदस्य सचिव)

(२) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

(३) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

(४) समितिले आवश्यकता अनुसार बिषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक भत्ता तथा खाजा खर्च प्रदेश सरकारबाट स्वीकृत खर्चको मापदण्ड वमोजिम हुनेछ ।

१७. **समितिको काम, कर्तव्य र अधिकारः**(१) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः–

(क) यस कार्यविधिको कार्यान्वयनका लागि अन्तर निकाय समन्वय गर्ने,

(ख) कर्जा प्रवाह गर्ने सम्बन्धित बैंक तथा ऋणीहरुको आवश्यकता अनुसार अनुगमन र निरीक्षण गर्ने व्यवस्था मिलाउने,

(ग) यस कार्यविधिमा भएका अनुसूचीमा हेरफेर तथा कार्यविधिको व्याख्या गर्नु परेमा समितिले नेपाल राष्ट्र बैकसँगको परामर्शमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्ने,

(घ) प्रदेश सरकारले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,

(ङ) नेपाल राष्ट्र बैंकबाट प्राप्त व्यवसाय जीवन रक्षा कर्जाको प्रगती विवरणको समिक्षा गर्ने,

(च) व्यवसाय जीवन रक्षा कर्जा बापत परिचालन हुने कर्जा रकमको कम्तीमा पचास प्रतिशत रकम पाँच लाखभन्दा कम कर्जा माग गर्ने उद्योगी व्यवसायीहरुलाई कर्जा प्रवाह भए नभएको अनुगमन गर्ने गराउने ।

(२) समितिले आवश्यकता अनुसार उप समिति गठन गर्न सक्नेछ ।

(३) समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ ।

## परिच्छेद ९

## कारबाही सम्बन्धी व्यवस्था

१८. **कर्जा चुक्ता नगरेमा हुने कारबाही:**(१) ऋणीले यस कार्यविधि अन्तर्गत उपभोग गरेको कर्जा निर्धारित समयमा चुक्ता नगरेमा सम्बन्धित बैंकले प्रचलित कानूनका अतिरिक्त देहाय वमोजिमको कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछः

(क) ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा राख्ने,

(ख) ऋणीको बैंक तथा वित्तीय संस्थाहरुमा रहेको खाता रोक्का गर्ने,

(ग) ऋणीको नाममा रहेको कुनै चल अचल सम्पति बिक्री गर्न बन्देज लगाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(घ) ऋणीले प्रदेश सरकारबाट पाउने सुविधा रोक्का गर्ने।

(ङ) ऋणीको राहदानी रोक्का राख्ने,

(२) कर्जा प्रवाह गर्ने बैंकले उपदफा (१) बमोजिम कारवाहीको लागि सिफारिस गरेमा सम्बन्धित निकायले सो सिफारिस कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद १०

## विविध

१९. **कर्जाको अनुगमन तथा निरिक्षणः** नेपाल राष्ट्र बैंकले व्यवसाय जीवन रक्षा कर्जाको सदुपयोगिता तथा प्रभावकारिताको लागि आवश्यकतानुसार अनुगमन, सुपरिवेक्षण र निरिक्षण गर्ने गराउनेछ । अनुगमन, सुपरिवेक्षण र निरिक्षण प्रयोजनको लागि आवश्यक पर्ने रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र नेपाल राष्ट्र बैंकबीच भएको सम्झौता बमोजिम नेपाल राष्ट्र बैंकले शोधभर्ना खाताबाट खर्च गरी हरेक असार मसान्तमा हिसाव मिलान गर्नेछ।

२०. **खराब कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धी अन्य व्यवस्थाः** यस कार्यविधि वमोजिम प्रवाहित खराब कर्जाहरूको वर्गीकरण र आवश्यक कारवाही सम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन वमोजिम हुनेछ ।

२१. **गुनासो सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कर्जा प्रवाह, ऋणीको सेवा सुविधा तथा ऋणको सदुपयोग लगायतका विषयमा नेपाल राष्ट्र बैंकले गुनासो सुन्ने तथा उचित सम्बोधन र सहजीकरण गर्ने कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त गुनासा मध्ये निर्देशक समितिमा छलफल गर्न आवश्यक देखिएका गुनासा नेपाल राष्ट्र बैकले निर्देशक समितिमा प्रस्तुत गर्न सक्नेछ ।

२२. **<u>अन्तिम हिसाव मिलानः</u>** यस कार्यविधि वमोजिम सञ्चालन हुने "व्यवसाय जीवन रक्षा कर्जा" कार्यक्रमको अन्तिम हिसाब मिलान २०८१ पुस मसान्त सम्ममा गरिनेछ ।

२३. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्चन आइ परेमा निर्देशक समितिको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

२४. **<u>कार्यविधिको व्याख्याः</u>** यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै दुविधा उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

२५. **<u>कार्यविधिमा संशोधनः</u>** (१) प्रदेश सरकारले आवश्यकता अनुसार यस कार्यविधिको संशोधन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले यस कार्यविधिको अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची १

### (दफा ५ सँग सम्बन्धित)

लघु, घरेलु तथा साना उद्यम अन्तर्गतका उद्यम व्यवसायहरु

१. हस्तकला, चित्रकला एवम् सौगातका सामान बनाउने उद्यम व्यवसायहरु,

२. परम्परागत धातुका मूर्ति बनाउने उद्यम व्यवसायहरु,

३. स्थानीय कृषि उत्पादनमा आधारित जुस, अचार, मह, सस आदि उत्पादन गर्ने उद्यम व्यवसायहरु,

४. दुग्ध पदार्थ प्रशोधन गरी सोमा आधारित चिज, घिउ, मखन, छुर्पी आदि उत्पादन गर्ने,

५. घरेलु हाते तान आदि प्रयोग गरी कपडा बुन्ने तथा होजीयारी समेत,

७. ढाका उद्योग,

८. बुटिक व्यवसाय

९. जुत्ता चप्पल, पोते बुन्ने, झोला, पर्स बनाउने, अल्लो प्रशोधन गर्ने, गुडिया, अगरबत्ती, चाउमिन बनाउने, जाम, जेली, चिप्स, पापड आदि बनाउने साना उद्यम व्यवसायहरु ।

१०. बेत, बाँस, निगालो, पराल, गहुँको नल, बाबियो, मकैको भुत्ला, केराको रेसा आदि प्रयोग गरी ह्याण्डिक्राफ्ट सम्बन्धी वस्तुहरु उत्पादन गर्ने उद्यम व्यवसायहरु ।

११. स्थानीय जडिबुटीहरु जस्तै नीम, तुलसी, एलोभेरा आदि प्रशोधन गरी सौन्दर्यका पदार्थ उत्पादन गर्ने साना उद्यम व्यवसायहरु ।

१२. कुखुरा पालन व्यवसाय

१३. पशुपंछी, मौरी तथा मत्स्यपालन व्यवसाय

१४. तयारी पोशाक, हस्तकला तथा सीपमूलक व्यवसाय

१५. नर्सरी, वन तथा खनिज उद्योग

१६. मूलभूत रुपमा सडेर गलेर जाने वस्तु जस्तैः तरकारी, फलफुल, पुष्प, माछामासु, दाना, दुध तथा दुग्धजन्य उत्पादन, अण्डा आदि उत्पादन तथा बिक्री वितरण

१७ स्थानीय खाद्यबस्तु उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण ।

## अनुसूची २

### (दफा ५ सँग सम्बन्धित)

साना पर्यटन व्यवसाय अन्तर्गतका उद्यम व्यवसायहरु

१. ट्राभल एजेन्सी तथा ट्रेकिंग व्यवसाय, पर्बतारोहण, ऱ्याफ्टिङ, क्याम्पिङ, टुर अपरेटर,

२. साहसिक पर्यटन जस्तैः बन्जी जम्पिगं, जिप फ्लायर, क्यानोनिङ्ग रक क्लाइम्बिङ्ग, प्यारा ग्लाइडिंग, अल्ट्रा लाइट, स्किईङ, ग्लाईडिङ, हट एयर बेलुनिङ, घोडचढी,

३. साना होटल, होम–स्टे, रेष्टुरेन्ट तथा बार,

४ गजल दोहोरी साँझ जस्ता सांस्कृतिक मनोरञ्जन दिने व्यवसाय

५. Embroidery and Garment

६. Trekking Equipment बिक्री गर्ने पसल व्यवसायहरु

७. पर्यटकीय किताव पसलहरु,

८. डुंगा व्यवसाय,

९. पार्टी प्यालेस तथा क्याटरिङ्ग व्यवसाय,

१०. Healing Centre, मसाज, स्पा आदि ।

## अनुसूची ३

**(दफा ५ सँग सम्बन्धित)**

साना यातायात व्यवसाय अन्तर्गतका व्यवसायहरु

१.ट्याक्सी व्यवसाय

२. बस/ट्रक/मिनि बस/माइक्रो बस

३. जीप/भ्यान

४. ट्र्याक्टर

५. अटो रिक्सा

६  रिक्सा

## अनुसूची ४
## (दफा ५ सँग सम्बन्धित)
### सेवामूलक व्यवसाय अन्तर्गतका व्यवसायहरु

१. यान्त्रिक कार्यशाला वर्कसप
२. व्युटीपार्लर/ हेयर कटिङ्ग व्यवसाय
३. छापाखाना तथा छपाई सम्बन्धि सेवा,
४. सिलाई बुनाई
५. सिनेमा हल
६. ड्राईक्लिनिङ व्यवसाय
७. व्यायामशाला (जीमखाना)
८. निजी विद्यालय
९. सञ्चार गृह
१०. निर्माण व्यवसाय
११. शैक्षिक सामाग्रीको कारोवार गर्ने व्यवसाय

## अनुसूची ५

## (दफा ६ सँग सम्बन्धित)

## व्याज शोधभर्ना माग आवेदन फारामको ढाँचा

**श्री नेपाल राष्ट्र बैंक,**
**पोखरा कार्यालय ।**

विषयः कर्जाको व्याज/कर्जा सुरक्षण शुल्क शोधभर्ना सम्बन्धमा ।

महाशय,

गण्डकी प्रदेश सरकारबाट सञ्चालित व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम अन्तर्गत प्रवाहित कर्जाको व्याज/कर्जा सुरक्षण शुल्क शोधभर्ना प्राप्त गर्न कर्जा विवरण यसै निवेदन साथ संलग्न गरी पेश गरेका छौं । देहाय वमोजिमका कर्जाहरु विद्यमान ऐन,नियम, नेपाल राष्ट्र बैंकको निर्देशन र संस्थाको कर्जा नीति तथा व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ वमोजिम प्रवाह भएको प्रमाणित गर्दै संलग्न कर्जाहरुको व्याज/कर्जा सुरक्षण शुल्क शोधभर्ना प्रदान गरिदिनुहुन अनुरोध गर्दछु।

भवदीय,
(प्रदेश प्रमुख)
इजाजतपत्र प्राप्त संस्थाको नाम र ठेगाना

(१) लघु, घरेलु तथा साना उद्यम कर्जा

| शाखा | शाखा कोडने.रा. बैंकअनुसार | ऋणीको नाम | उद्यम व्यवसाय रहेको ठेगाना | | | लगानी कारोबार मिति | कोषमा आधारित कर्जा | | गत त्रैमासको Base Rate जोड ३ प्रतिशत व्याज शोधभर्ना | अन्तिम भुक्तानी मिति | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | स्थानीय तह | वडा नं | | कर्जा प्रकार | स्वीकृत सीमा (रु.) | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | कुल जम्माः | | |

(२) साना पर्यटन व्यवसाय कर्जा

| शाखा | शाखा कोडने.रा. बैंकअनुसार | ऋणीको नाम | उद्यम व्यवसाय रहेको ठेगाना | | | लगानी कारोबार मिति | कोषमा आधारित कर्जा | | गत त्रैमासको Base Rate जोड ३ प्रतिशत व्याज शोधभर्ना | अन्तिम भुक्तानी मिति | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | स्थानीय तह | वडा नं | | कर्जा प्रकार | स्वीकृत सीमा (रु.) | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| कुल जम्माः | | | | | | | | | | | |

(३) साना यातायात व्यवसाय कर्जा

| शाखा | शाखा कोडने.रा. बैंकअनुसार | ऋणीको नाम | उद्यम व्यवसाय रहेको ठेगाना | | | लगानी कारोबार मिति | कोषमा आधारित कर्जा | | गत त्रैमासको Base Rate जोड ३ प्रतिशत व्याज शोधभर्ना | अन्तिम भुक्तानी मिति | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | स्थानीय तह | वडा नं | | कर्जा प्रकार | स्वीकृत सीमा (रु.) | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| कुल जम्माः | | | | | | | | | | | |

(४) साना सेवा व्यवसाय कर्जा

| शाखा | शाखा कोडने.रा. बैंकअनुसार | ऋणीको नाम | उद्यम व्यवसाय रहेको ठेगाना | | | लगानी कारोबार मिति | कोषमा आधारित कर्जा | | गत त्रैमासको Base Rate जोड ३ प्रतिशत व्याज शोधभर्ना | अन्तिम भुक्तानी मिति | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | स्थानीय तह | वडा नं | | कर्जा प्रकार | स्वीकृत सीमा (रु.) | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| कुल जम्माः | | | | | | | | | | | |

(५) कुल कर्जा

| क.स. | कर्जाको प्रकार | रकम | कैफियत |
|---|---|---|---|
| १. | लघु, घरेलु तथा साना उद्यम कर्जा | | |
| २. | साना पर्यटन व्यवसाय कर्जा | | |
| ३. | साना यातायात व्यवसाय कर्जा | | |
| ४. | साना सेवा व्यवसाय कर्जा | | |
| कुल जम्माः | | | |

**अनुसूची ६**

**(दफा १२(४) सँग सम्बन्धित)**

**✂कर्जा पूर्व सहमतीको निवेदनको ढाँचा**

श्री नेपाल राष्ट्र बैंक, मितिः

पोखरा कार्यालय ।

विषयः कर्जा प्रदान गर्ने पूर्व सहमती पाउँ भन्ने सम्बन्धमा ।

महाशय,

गण्डकी प्रदेश सरकारबाट सञ्चालित व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम अन्तर्गत यस बैंकमा माग भई आएका देहाय वमोजिमका शीर्षकहरुमा कर्जा प्रवाह गर्ने पूर्व सहमती पाउँ भनि यो निवेदन पेश गरिएको छ ।

एकमुष्ट कर्जा पूर्व–स्वीकृतिको फाराम

| क्र.स. | कर्जाको प्रकार | रकम | कैफियत |
|---|---|---|---|
| १. | लघु, घरेलु तथा साना उद्यम कर्जा | | |
| २. | साना पर्यटन व्यवसाय कर्जा | | |
| ३. | साना यातायात व्यवसाय कर्जा | | |
| ४. | साना सेवा व्यवसाय कर्जा | | |
| कुल जम्माः | | | |

भवदीय,

दस्तखत....

बैंकको नामः

✂ पहिलो संशोधनद्वारा संशोधित

## अनुसूची ७
## (दफा १२ (३) सँग सम्बन्धित)

(निवेदकले बैंकमा पेश गर्नु पर्ने निवेदनको ढाँचा)

श्री ........................ बैंक लि. मितिः

.................

..............................शाखा कार्यालय

विषयः व्यवसाय जीवन रक्षा कर्जाको आवदेन सम्बन्धमा ।

महाशय,

गण्डकी प्रदेश सरकारबाट सञ्चालित व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम अन्तर्गत ...................... शीर्षकमा रु. ................................ उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु । साथै, म/मेरो उद्यम/व्यवसाय कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको र बैंकिङ्ग कसुर अन्तरगत कारवाहीमा नपरेको स्वघोषणा गर्न चाहन्छु ।

आवश्यक कागजातहरुः

(क) सम्बन्धित निकायमा वा स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) गत आर्थिक वर्षको कर तिरेको निस्सा वा PAN को प्रतिलिपि

(घ) प्राप्त कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(ङ) धितोसम्बन्धी अद्यावधिक आवश्यक कागजातहरु,

(च) दर्ता नभई १ वर्ष भन्दा अगाडिदेखि सञ्चालनमा रहेको उद्योगी व्यवसायीले दफा ९ को उपदफा (१) को खण्ड (ङ) को पुष्टयाई गर्ने स्थानीय तहको सिफारिस,

(छ) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको र बैंकिङ्ग कसूर अन्तर्गत कारबाहीमा नपरेको स्वघोषणा, र

(ज) वार्षिक कारोबार/बिक्री रकम रु. ५० लाख वा सो भन्दा कम भएको स्वघोषणा

भवदीय,

निवदेकको दस्तखतः

निवेदको नामः

उद्यम/व्यवसायको नामः

उद्यम/व्यवसायको आधिकारिक छापः

## कर्जाको संक्षिप्त प्रस्तावः

### १. व्यवसायको पृष्ठभुमिः

| | | | |
|---|---|---|---|
| १. व्यवसायको नाम | | | |
| २. व्यवसाय दर्ता नं. | | | |
| ३. उद्यमीको नामः | | | |
| ४. व्यवसायको ठेगानाः | | | |
| ५. व्यवसायको प्रकारः | | | |
| ६. व्यवसायको उद्देश्यः | १.<br>२.<br>३ | | |
| ७. स्थायी लेखा नम्बर (PAN) | | | |
| ८. व्यवसायले दिएको रोजगारी संख्याः | महिला | पुरुष | जम्मा |
| | | | |
| ९. व्यवसायको जम्मा लागत | स्थिर पुँजी | रु. ............................................ | |
| | चालु पुँजी | रु. ............................................ | |
| | जम्मा लागत | रु. ............................................ | |

### २. व्यवसाय लगानीको श्रोतः

| क.स. | विवरण | कुल रकम | स्वपुँजी | कर्जा |
|---|---|---|---|---|
| क) | स्थिर पुँजीलगानी | | | |
| १. | | | | |
| २. | | | | |
| ३. | अन्य | | | |
| ख) | चालु पुजी लगानी | | | |
| ग) | कुल पुँजी लगानी | | | |

## ३. व्यवसायको आम्दानी तथा खर्च विवरणः

| क्र.सं. | विवरण | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०८९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| १. | सम्पूर्ण आम्दानी | | | | | | |
| २. | सम्पूर्ण खर्च | | | | | | |
| ३. | नाफा (नोक्सान) | | | | | | |

## ४. चालु पुँजीको प्रक्षेपणः

| क्र.सं. | विवरण | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०८९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| १. | स्टक मौज्दात | | | | | | |
| २. | आसामी (Debtor) | | | | | | |
| ३. | नगद | | | | | | |
| ४. | अन्य प्राप्ति | | | | | | |
| ५. | घटाउनेः साहु (Creditor) | | | | | | |
| ६. | खुद चालु पुँजी | | | | | | |

## ५. कर्जाको उपयोगिताः

........................................................................................................................................
........................................................................................................................................
.............................................................................

# अनुसूची ८

## (दफा १५ को खण्ड (च) सँग सम्बन्धित)

## बैंकहरुले नेपाल राष्ट्र बैंकलाई बुझाउनु पर्ने त्रैमासिक विवरण

### (१) लघु, घरेलु तथा साना उद्यम कर्जा

| शाखा | शाखा कोडने.रा. बैंकअनुसार | ऋणी को नाम | उद्यम व्यवसाय रहेको ठेगाना | | | लगानी कारोबार मिति | कोषमा आधारित कर्जा | | | | | अन्तिम भुक्तानी मिति | कर्जा वर्गीकरण | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | स्थानीय तह | वडा नं | | कर्जा प्रकार | स्वीकृत सीमा (रु.) | बाँकी सावाँ (रु.) | बाकी ब्याज (रु.) | भाखा नाघेको साँवा | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| कुल जम्माः | | | | | | | | | | | | | | |

### (२) साना पर्यटन व्यवसाय कर्जा

| शाखा | शाखा कोडने.रा. बैंकअनुसार | ऋणी को नाम | उद्यम व्यवसाय रहेको ठेगाना | | | लगानी कारोबार मिति | कोषमा आधारित कर्जा | | | | | अन्तिम भुक्तानी मिति | कर्जा वर्गीकरण | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | स्थानीय तह | वडा नं | | कर्जा प्रकार | स्वीकृत सीमा (रु.) | बाँकी सावाँ (रु.) | बाकी ब्याज (रु.) | भाखा नाघेको साँवा | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| कुल जम्माः | | | | | | | | | | | | | | |

### (३) साना यातायात व्यवसाय कर्जा

| शाखा | शाखा कोडने.रा. बैंकअनुसार | ऋणी को नाम | उद्यम व्यवसाय रहेको ठेगाना | | | लगानी कारोबार मिति | कोषमा आधारित कर्जा | | | | | अन्तिम भुक्तानी मिति | कर्जा वर्गीकरण | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | स्थानीय तह | वडा नं | | कर्जा प्रकार | स्वीकृत सीमा (रु.) | बाँकी सावाँ (रु.) | बाकी ब्याज (रु.) | भाखा नाघेको साँवा | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| कुल जम्माः | | | | | | | | | | | | | | |

### (४) साना सेवा व्यवसाय कर्जा

| शाखा | शाखा कोडने.रा. बैंकअनुसा | ऋणी को नाम | उद्यम व्यवसाय रहेको ठेगाना | | | लगानी कारोबार मिति | कोषमा आधारित कर्जा | | | | | अन्तिम भुक्ता | कर्जा वर्गीकरण | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | स्थानी | वडा | | कर्जा | स्वीकृ | बाँ | बाकी | भाखा | | | |

| | र | | | य तह | नं | | प्रकार | त सीमा (रु.) | की सावाँ (रु.) | ब्याज (रु.) | नाघेको साँवा | नी मिति | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| कुल जम्माः | | | | | | | | | | | | | | |

## (५) कुल कर्जा

| क्र.स. | कर्जाको प्रकार | रकम | कैफियत |
|---|---|---|---|
| १. | लघु, घरेलु तथा साना उद्यम कर्जा | | |
| २. | साना पर्यटन व्यवसाय कर्जा | | |
| ३. | साना यातायात व्यवसाय कर्जा | | |
| ४. | साना सेवा व्यवसाय कर्जा | | |
| कुल जम्माः | | | |

## अनुसूची ९

**(दफा १४ खण्ड (क) सँग सम्बन्धित)**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश

र नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय

बीच

व्यवसाय जीवन रक्षा कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा सम्पन्न भएको

सम्झौता

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश ( यस पछि "पहिलो पक्ष" भनिएको) र नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय (यस पछि "दोश्रो पक्ष" भनिएको);

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरुलाई निर्व्याजी सरल र सुलभ कर्जा उपलब्ध गराउने प्रयोजनका लागि प्रदेश सरकारले जारी गरेको व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ कार्यान्वयन गर्ने उद्देश्यले;

दुवै पक्षहरु देहाय बमोजिम गर्न सहमत भएका छन्:-

१. दोश्रो पक्षले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ अन्तर्गतका काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गर्नेछ ।

२. दोस्रो पक्षले व्यवसाय जीवन रक्षा कर्जाको सदुपयोगिता तथा प्रभावकारिताको लागि आवश्यकतानुसार अनुगमन, सुपरिवेक्षण र निरिक्षण गर्नेछ । यस प्रयोजनको लागि हरेक वर्षको असार मसान्तमा बक्यौता रकमको ०.१५ प्रतिशत वा रु. १५ लाखमा जुन कम हुन्छ सो रकम पहिलो पक्षको खाताबाट दोस्रो पक्षले वार्षिक रुपमा कट्टा गरी हरेक असार मसान्तमा हिसाव मिलान गर्नेछ ।

३. दोश्रो पक्षले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ बैकहरुलाई पालना गर्न लगाउनेछ ।

४. व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ यस सम्झौताको अभिन्न अंग हुनेछ ।

५. पहिलो पक्षले दोस्रो पक्षमा “शोधभर्ना खाता” नामको खाता खोली आवश्यक रकम जम्मा गर्नेछ। पहिलो पक्षले दोस्रो पक्षलाई "व्यवसाय जीवन रक्षा कार्यक्रम" कार्यान्वयन गर्न तथा खाता खर्च गर्न स्वीकृति प्रदान गरेपश्चात कार्यक्रम प्रारम्भ हुनेछ ।

६. दोस्रो पक्षले स्थानीय तहमा कारोबार गर्न इजाजत प्राप्त अनुसूची १२ बमोजिमका वाणिज्य बैंकका शाखाहरुमार्फत "व्यवसाय जीवन रक्षा कर्जा" कार्यक्रमको आवश्यक सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

७. "व्यवसाय जीवन रक्षा कर्जा" कार्यक्रम सञ्चालन गर्ने प्रयोजनको लागि सो अवधिभर पहिलो पक्षले दोस्रो पक्षमा खोलेको "शोधभर्ना खाता" बाट रकम खर्च गर्न र उक्त खातामा रकम जम्मा गर्न दोस्रो पक्षलाई पूर्ण अधिकार रहनेछ ।

८. दोस्रो पक्षले "शोधभर्ना खाता" बाट सम्बन्धित बैंकहरुलाई उनीहरुको आधार दर वमोजिमको रकम र ३ प्रतिशतले हुने व्याज, कर्जा सुरक्षण वापतको रकम उपलव्ध गराउनेछ ।

९. "व्यवसाय जीवन रक्षा कर्जा" कार्यक्रम मिति २०८१ पुस मसान्तमा समाप्त हुनेछ । कार्यक्रम समाप्ती हुँदा "व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" मा उल्लिखित प्रावधानहरु वमोजिम दोस्रो पक्षले हिसाब फरफारक गरी पहिलो पक्षलाई जानकारी दिनेछ ।

१०. यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ र प्रकरण ९ बमोजिम "व्यवसाय जीवन रक्षा कर्जा" कार्यक्रमको अवधि समाप्त भएपछि यो सम्झौताको अन्त्य हुनेछ ।

११. सम्झौतामा संशोधन गर्नु पर्ने भएमा दुवै पक्षको आपसी सहमतिमा संशोधन गर्न सकिनेछ।

१२. यो सम्झौता कार्यान्वयन गर्दा कुनै समस्या आइपरेमा दुवै पक्षको आपसी सहमतिबाट समाधान गरिनेछ ।

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तर्फबाट**

हस्ताक्षरः ...............................

श्री .......................................

सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,

गण्डकी प्रदेश, पोखरा

**नेपाल राष्ट्र बैंकका तर्फबाट**

हस्ताक्षरः ................ ............

श्री.......................................

..........................................

## अनुसूची १०
## (दफा १४ खण्ड (क) सँग सम्बन्धित)

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय

र

..................बैक

बीच

व्यवसाय जीवन रक्षा कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा सम्पन्न भएको

सम्झौता

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय ( यस पछि "पहिलो पक्ष" भनिएको) र .................... बैंक, ......... कार्यालय (यस पछि "दोश्रो पक्ष" भनिएको);

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरुलाई निर्व्याजी सरल र सुलभ कर्जा उपलब्ध गराउने प्रयोजनका लागि गण्डकी प्रदेश सरकारले जारी गरेको व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ कार्यान्वयन गर्ने उद्देश्यले;

दुवै पक्षहरु देहाय बमोजिम गर्न सहमत भएका छन्:-

१. दोश्रो पक्षले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ को अधिनमा रही कर्जा प्रवाह गर्नेछ र सो अन्तर्गतका अन्य दायित्व पूरा गर्नेछ । व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ यस सम्झौताको अभिन्न अंग हुनेछ ।
२. दोस्रो पक्षले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ मा तोकिएका व्यक्ति/समूह/फर्म/कम्पनीलाई कर्जा प्रवाह गर्नेछ ।
३. व्यवसाय जीवन रक्षा कर्जा" कार्यक्रम सञ्चालन गर्ने प्रयोजनको लागि सो अवधिभर दोस्रो पक्षको पहिलो पक्षमा रहेको खातामा रकम जम्मा/खर्च गर्ने पूर्ण अधिकार रहनेछ ।
४. दोस्रो पक्षले यस कार्यविधि वमोजिम गरेको कर्जा लगानी र असूलीको विवरण हरेक आर्थिक वर्षमा त्रैमासिक रुपमा पहिलो पक्षलाई बुझाउनुपर्नेछ ।
५. दोस्रो पक्षले पहिलो पक्षसँग आधार दर बराबरको रकम र ३ प्रतिशत व्याज रकमको शोधभर्ना रकम हरेक त्रैमास (असोज, पुस, चैत्र र असार मसान्त) समाप्त भएको १५ दिनभित्र माग गर्नुपर्नेछ र कर्जा सुरक्षण शुल्क आवश्यकतानुसार त्रैमासमा शोधभर्ना माग गर्नुपर्नेछ।

तर, दोस्रो पक्षले ऋणीहरुसँग नियमित किस्ता असुल गरेको हुनुपर्नेछ।

६. दोस्रो पक्षले "व्यवसाय जीवन रक्षा कर्जा" कार्यक्रम संचालनको लागि आफ्नो प्रदेशस्थित कार्यालयमा एउटा इकाई गठन गर्नेछ । उक्त इकाईले पहिलो पक्ष र आफ्ना शाखा कार्यालयहरुसँग समन्वय गरी कर्जा प्रवाह सहज बनाउने कार्य गर्नेछ ।

७. "व्यवसाय जीवन रक्षा कोष (संचालन) कार्यविधि, २०७७ अनुसार दोस्रो पक्षले कर्जा प्रवाह गर्न आफ्नो तर्फबाट Product Paper तयार गर्नुका साथै आफ्नो Software मा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

८. दोस्रो पक्षले ग्राहक/ऋणीहरुको यथार्थ विवरण तयार गर्नुपर्नेछ । वास्तविकता लुकाई वा जानाजानी झुठा विवरण तयार गरी कर्जा प्रवाह गरेको पाइएमा पहिलो पक्षले प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

९. व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ मा तोकिए वमोजिमका क्षेत्रहरुमा कर्जा प्रवाह गर्न पहिलो पक्षले दोस्रो पक्षलाई उनीहरुको आधार दर र थप ३ प्रतिशतसम्म व्याज बराबरको रकम उपलव्ध गराउनेछ । दोस्रो पक्षले सम्बन्धित ऋणीहरुबाट कुनै किसिमको व्याज वापतको रकम लिन सक्नेछैन ।

१०. दोस्रो पक्षले व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्दा सो कार्यक्रम अन्तर्गत प्रवाह गरिने कर्जाको कम्तिमा ५० प्रतिशत रकम ५ लाखभन्दा कम कर्जा माग गर्ने उद्योगी व्यवसायीहरुलाई प्राथमिकता दिई प्रवाह गर्नु पर्नेछ ।

११. दोश्रो पक्षले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ बमोजिम कर्जा दिन योग्य व्यक्ति/समूह/फर्म/कम्पनीलाई अनुसूची ११ वमोजिमको मूल्याङ्कन गरी निवेदन दिने अन्तिम मितिको १५ कार्यदिन भित्र पहिलो पक्षसँग पूर्व–स्वीकृति लिनुपर्नेछ र पहिलो पक्षले दोश्रो पक्षलाई सात कार्यदिनभित्र पूर्व स्वीकृति दिनु पर्नेछ ।

१२. अन्य शर्तहरु व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ बमोजिम हुनेछ ।

१३. यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ र "व्यवसाय जीवन रक्षा कर्जा" कार्यक्रमको अवधि समाप्त भएपछि यो सम्झौताको अन्त्य हुनेछ ।

१४. यो सम्झौता कार्यान्वयन गर्दा कुनै समस्या आइपरेमा व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ बमोजिम समाधान गरिनेछ ।

| **नेपाल राष्ट्र बैंकको तर्फबाट** | **सम्बन्धित बैंकको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः ................................ | हस्ताक्षरः ................ ............ |
| श्री ........................................... | श्री....................................... |

## अनुसूची ११

## (दफा १५ खण्ड (ख) सँग सम्बन्धित)

## कर्जा निवदेकको मूल्याङ्कनका आधार

**क) कर्जा निवेदकको मूल्याङ्कन सम्बन्धी प्रश्नावलीः**

१) वन्दावन्दी पश्चात हाल उद्यम व्यवसाय सञ्चालनको अवस्था कस्तो रहेको छ ?

क) पूर्ण रुपमा बन्द ख) आंशिक रुपमा बन्द ग) अलि अलि प्रभाव परेको घ) पूर्ण रुपमा संचालन भएको

२) बन्दाबन्दी अवधिमा उत्पादन/कारोबारको अवस्था कस्तो रह्यो ?

क) १०० प्रतिशत सम्मले गिरावट ख) ५० प्रतिशत सम्मले गिरावट ग) २५ प्रतिशत सम्मले गिरावट घ) गिरावट नआएको

३) बन्दाबन्दी अवधिमा व्यवसाय कति अवधि बन्द रह्यो ?

क) ३ महिना भन्दा बढी अ) २–३ महिना ग) १ महिना सम्म घ) बन्द नरहेको

४) वन्दावन्दी अवधिमा कति रोजगारी कटौती गर्नु भयो ?

क) ५०–१०० प्रतिशत ख) २५–५० प्रतिशत ग) ०–२५ प्रतिशत घ) कटौती नगरिएको

५) तपाईको उद्यम व्यवसाय पूर्ववत अवस्थामा फर्कन कति समय लाग्ने देख्नु हुन्छ

क) ६ महिना भन्दा बढी ख) ३–६ महिना ग) १–३ महिना घ) पूर्ववत अवस्थामा नै सञ्चालनमा रहेको

६) प्रदेश सरकारले दिने सहुलियतपूर्ण कर्जाको उपयोग कसरी गर्ने विचार गर्नु भएको छ ?

क) चालु खर्च व्यहोर्ने ख) मर्मत/संभार गरी व्यवसाय सञ्चालन योग्य बनाउने ग) लगानी बढाई हालको व्यवसाय विस्तार गर्ने घ) पुरानो कर्जा चुक्ता गर्ने/हाललाई सोचाई बनाइ नसकेको

७) यो कर्जा नपाए उद्यम व्यवसायको लागि आवश्यक वित्तीय साधन कसरी जुटाउने सोचाई गर्नुभएको छ ?

क) पुरानो सम्पत्ति/जेथा विक्री गर्ने ख) साथीभाई/नातेदारबाट ऋण लिने ग) बैंक तथा वित्तीय संस्था/सहकारीबाट ऋण लिने घ) कर्जा नलिने/पुरानो बचत चलाउने

८) बन्दाबन्दीको कारण तपाईलाई तलको मध्ये सवैभन्दा बढी समस्या के मा रह्यो?

क) आफ्नो दैनिक जिविको पार्जनमा कठिनाई ख) सञ्चालन खर्च भुक्तानीमा कठिनाई ग) ऋणको साँवा/व्याज भुक्तानीमा कठिनाई घ) खासै समस्या नपरेको

९) यस अघि सरकारबाट कुनै सहिलियतपूर्ण कर्जा सुविधा लिए नलिएको ?

क) लिन प्रयास गरेको तर नपाएको/थाहा नपाएको ख) एक पटक लिएको ग) धेरै पटक लिएको घ) सुविधा आवश्यक नपरेको

१०) हाल कहींबाट कुनै कर्जा लिनु भएको छ?

क) आफन्त/साथीभाई ख) सहकारी संस्था ग) बैंक तथा वित्तीय संस्था घ) कर्जा लिन आवश्यक नभएको

नोटः माथीको प्रश्नावलीहरुको उत्तरलाई मुल्याङ्कन प्रयोजनको लागि उत्तर (क) को लागि अङ्क ४, (ख) को लागि अङ्क ३, (ग) को लागि अङ्क २ र घ को लागि अङ्क १ भाराङ्क प्रदान गरिएको छ ।

**ख) बैंकले गर्ने कर्जा निवेदकको मूल्याङ्कनः**

बैंकले तलका सूचकहरुमा अति सुरक्षितलाई अङ्क ४, मध्यम सुरक्षितलाई अङ्क ३, न्युन सुरक्षितलाई अङ्क २ र सुरक्षित नभएकोलाई अङ्क १ दिई ऋणीको मुल्याङ्कन गर्नु पर्ने छ ।

१) धितोको पर्याप्तता

२) आवश्यक कागजात

३) व्यवसायको आर्थिक अवस्था

४) उद्यम/व्यवसायको सम्भाव्यता

५) ग्राहकको इमान्दारिता

**ग) कर्जा निवदेकको समग्र मुल्याङ्कनः**

बैंकहरुले बुँदा (क) र (ख) को मुल्याङ्कनका अङ्कहरुको योग निकाली सवैभन्दा बढी अङ्क देखि कम अङ्क प्राप्त गर्ने आधारमा निवेदकहरुको प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ ।

## अनुसूची १२

## (दफा १२ (३) सँग सम्बन्धित)

## बैंकहरुको सूची

१) नेपाल बैंक लि.

२) राष्ट्रिय बाणिज्य बैंक लि.

३) कृषि विकास बैंक लि.

४) एन.आई.सि. एसिया बैंक लि.

५) प्रभु बैंक लि.

६) ग्लोवल आई एम ई बैंक लि.

७) लक्ष्मी बैंक लि.

८) कुमारी बैंक लि.

९) सिद्धार्थ बैंक लि.

१०) माछापुच्छ्रे बैंक लि.

११) मेगा बैंक लि.

१२) प्राईम कमर्सियल बैंक लि.

१३) एभरेष्ट बैंक लि.

१४) नेपाल ईन्भेष्टमेण्ट बैंक लि.

१५) नेपाल बङ्गलादेश बैंक लि.

१६) एन सि सि बैंक लि.

१७) सिभिल बैंक लि.

१८) सनराईज बैंक लि.

*अनुसूची १३

(दफा १२(४) सँग सम्बन्धित)

नेपाल राष्ट्र बैंकले बैंकहरुलाई दिने कर्जा पूर्वसहमतीको पत्रको ढाँचा

श्री, बैंक लिमिटेड मितिः

गण्डकी प्रदेश कार्यालय

पोखरा।

विषयः कर्जाको पूर्व सहमती सम्बन्धमा ।

महाशय,

गण्डकी प्रदेश सरकारले कोभिड—१९ बाट प्रभावित कृषि उद्यम, उत्पादनमूलक उद्योग तथा पर्यटन लगायतका सेवामूलक व्यवसायलाई जोगाउन, टिकाउन र सुचारु गर्न उद्यमी तथा व्यवसायीलाई निब्र्याजी सरल र सुलभ कर्जा उपलब्ध गराउन जारी गरेको व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ लागू गरी सञ्चालन प्रक्रियामा रहेको व्यहोरा विदितै छ । उक्त व्यवस्था बमोजिम कोभिड—१९ बाट प्रभावित क्षेत्रका लागि तहाँबाट प्रस्ताव गरिए बमोजिमका देहायका कर्जा शून्य प्रतिशत ब्याज दरमा अधिकतम ३ (तीन) वर्षका लागि निम्न शर्तहरुको अधीनमा रही कर्जा उपलब्ध गराउन कार्यविधिको दफा १२ (४) बमोजिम एकमुष्ठ सहमती प्रदान गरिएको व्यहोरा अनुरोध गर्दछु ।

| क.स. | कर्जाको प्रकार | रकम | कैफियत |
|---|---|---|---|
| १. | लघु, घरेलु तथा साना उद्यम कर्जा | | |
| २. | साना पर्यटन व्यवसाय कर्जा | | |
| ३. | साना यातायात व्यवसाय कर्जा | | |
| ४. | साना सेवा व्यवसाय कर्जा | | |
| कुल जम्माः | | | |
| अक्षेरुपी | मात्र | | |

भवदीय,

नेपाल राष्ट्र बैंक
पोखरा

* पहिलो संशोधनद्वारा थप

**<u>शर्तहरुः</u>**

(१) "व्यवसाय जीवन रक्षा कोष सञ्चालन कार्यविधि, २०७७" मा तोकिएका व्यक्ति/समूह/फर्म/कम्पनीलाई मात्र कर्जा प्रवाह गर्नु पर्नेछ ।

(२) ऋणीले कर्जाको सदुपयोग गरे नगरेको सम्बन्धमा आवश्यकतानुसार निरीक्षण गरी सोको अभिलेख अद्यावधिक राख्नु पर्नेछ ।

(३) "व्यवसाय जीवन रक्षा कोष सञ्चालन कार्यविधि, २०७७" को परिच्छेद ३ को बुँदा ४, ५ र ६ मा उल्लेख भए अनुसार कर्जा उपलब्ध गराउनु पर्नेछ ।

(४) सबै ऋणीहरुको कर्जा सूचना अनिवार्य लिनुपर्ने छ। सो वापतको शुल्क बैंकले ऋणीहरुबाट असुल गर्न सक्नेछ ।

(५) यस कार्यविधि वमोजिम प्रवाहित सम्पूर्ण कर्जाहरुको निक्षेप तथा कर्जा सुरक्षण कोषबाट अनिवार्य रुपमा सुरक्षण गराउनु पर्नेछ ।

(६) यस कार्यविधि अनुसार प्रवाह भएका ऋणीहरुलाई अनिवार्यरुपमा क्यु.आर. कोड वा अन्य विद्युतीय माध्यम प्रयोग गरी भुक्तानी दिने/लिने व्यवस्था गर्नु पर्नेछ ।

(७) यस कार्यविधि अनुसार प्रवाह भएका ऋणीहरुलाई विभिन्न प्रकारका खाता र सो सम्बन्धी विवरण, ग्राहकलाई प्रदान गरिने वित्तीय सेवामा लाग्ने शुल्कका आधार र सो सम्बन्धी विवरण, बैंकिङ्ग कारोवारका लागि निर्धारित प्रक्रिया एवं कार्यविधि, खाता बन्द गर्दा अवलम्बन गरिने प्रक्रिया, ब्याज दर गणना गर्ने विधि, अग्रीम भुक्तानी शुल्क, समयमा कर्जा भुक्तानी नगरेमा बैंकले गर्ने कारवाही, विलम्ब शुल्क, जरिवाना तथा हर्जाना, बैंकिङ्ग कारोवारमा हुनसक्ने सजाय तथा जरिवाना र ग्राहकले अवलम्बन गर्नुपर्ने सतर्कता सम्बन्धी विषयबस्तुको जानकारी अनिवार्य गराउनु पर्नेछ ।

(८) "व्यवसाय जीवन रक्षा कोष सञ्चालन कार्यविधि, २०७७" को अनुसूची १० अनुसार भएको सम्झौता पूर्ण पालना गर्नु पर्नेछ ।

(९) अन्य व्यवस्था "व्यवसाय जीवन रक्षा कोष सञ्चालन कार्यविधि, २०७७" मा तोकिए बमोजिम हुनेछ ।